नेपाल सरकार
Government of Nepal
कृषि विकास मन्त्रालय
Ministry of Agricultural Development
सिंहदरबार, काठमाण्डौ, नेपाल
Singhdurbar, Kathmandu, Nepal

# भण्टा खेती पात्रो (Brinjal Cropping Calendar)

| महिना | बैशाख | जेष्ठ | आषाढ | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ |
| मौसम | | | | | | | | | | | | |


खेतको तयारी


उकेरा लगाउने र गोडमेल


मलखाद र सिंचाई व्यवस्थापन


दोस्रो मलखाद, गोडमेल र सिंचाई व्यवस्थापन


भण्टा बजारीकरणको अवस्थामा

## भन्टा

भन्टाको राम्रो उत्पादन लिन २१ - २७ डिग्री सेन्टिग्रेडसम्मको तापक्रम उपयुक्त हुन्छ। न्युनतम तापक्रम १५ डिग्री सेन्टिग्रेड भन्दा कम र उच्च तापक्रम ३५ डिग्री सेन्टिग्रेड भन्दा बढी भएमा फल कम लाग्दछ। चिम्ट्याइलो दोमट माटो र पि.एच. मान ५.५-६.० सम्म भएको माटोमा भण्टाको सफल खेती गर्न सकिन्छ।

## उन्नत जातहरु

**नुर्की** – बेर्ना सारेको ६०-६५ दिनमा बाली लिन तयार हुन्छ र यो जात तराई देखि उच्च पहाडसम्म लगाउन सकिन्छ।

**पुसा पर्पल लंग** – बेर्ना रोपेको ७५-८० दिनमा टिप्न सकिन्छ र सर दर उत्पादन १५०० के.जी. प्रति रोपनी हुन्छ।

**एन.एस. ७९७** – तराई र मध्य पहाडको लागि सिफारिस हाइब्रिड जात हो। बेर्ना सारेको ५५-६० दिनमा बाली लिन सकिने र सरदर २ मे.टन प्रति रोपनीसम्म उत्पादन लिन सकिन्छ।

**अन्ना ८०६** – तराई र मध्य पहाडको लागि सिफरिस यो भन्टाको हाइब्रिड जात हो। ५५- ६० दिनमा बाली तयार हुन्छ र सरदर १.५ -२ मे.टन प्रति रोपनी उत्पादन लिन सकिन्छ।





## बीउ रोप्ने र बेर्ना सार्ने समय

| क्षेत्र | रोप्ने समय | बाली लिने समय |
|---|---|---|
| उच्च पहाड | चैत्त-बैशाख | असार-भाद्र |
| मध्य पहाड | माघ-फागुन | बैशाख-असार |
| तराई, बेंसी | भदौ-असोज | मंसिर-माघ |



## जग्गाको तयारी

भण्टा, खुर्सानी, गोलभेडा, आलु जस्ता सोलेनेसी परिवारका बालीहरु वर्षै पिच्छे एउटै खेतमा लगाउनु हुँदैन। यदि लगाइएमा रोग कीराको प्रकोप बढी हुन्छ। राम्ररी २-३ पटक खनजोत गरी झारहरु जिलाउने र अघिल्लो बालीको अवशेषहरु हटाउने। खनजोत गर्दा एक रोपनीमा राम्ररी पाकेको गोबर मल १५०० के.जी. (करिब ७५ डोको), ७ के.जी. डि.ए.पी., ३ के.जी. यूरिया र ४.५ के.जी म्युरेट अफ पोटास अन्तिम जग्गा तयारीको बेला प्रयोग गर्ने र बाँकी युरियाको आधा मात्रा अर्थात् ३ के.जी दुई पटक २०-३५ दिनको फरकमा १.५ के.जी. प्रति रोपनीका दरले बिरुवा वरिपरि रिङ्ग बनाई हाल्ने।



## बीउ दर

एक रोपनीका लागि २०-२५ ग्राम बीउ चाहिन्छ। बीउ रोपेको ५०-६० दिनमा बेर्ना तयार हुन्छ। बेर्ना रोप्दा ड्याङ्ग बनाई रोप्नु पर्छ। हिउँदमा १२० से.मी. को ड्याङ्ग बनाई हार देखि हारसम्म ६० से.मी. र बिरुवा देखि बिरुवासम्म ४५ से.मी.को फरकमा बेर्ना रोप्नु पर्दछ। वर्षा याममा कम चौडा ड्याङ्ग बनाई एक हारदेखि अर्कोहार ४५ से.मी. र बोटको दुरी ३० से.मी.को फरकमा लगाउनु राम्रो हुन्छ।



## गोडमेल र सिंचाई

दुई चोटि गोडमेल गर्दा राम्रो हुन्छ। पहिलो २०-२५ दिनमा र दोस्रो अर्को २०-२५ दिन पछि गर्ने। दोस्रो गोडमेलको समयमा युरिया १ प्रतिशत झोल गाईभैसीको १ भाग पिसाबमा १० भाग पानी मिसाई यो झोलमल बोटको वरिपरि माटोमा छर्नु राम्रो हुन्छ। माटोको चिस्यान हेरी पानी नजम्ने गरी सिंचाई दिनु पर्दछ।



## बाली टिप्ने र बजारीकरण

भन्टा जात अनुसार फलको ठिक साईज भएपछि टिप्नु राम्रो मानिन्छ। फल टिप्दा कैंचीको प्रयोग गर्नु पर्छ। फलको साइज अनुसार ग्रेडिङ्ग गरी टोकरीमा राम्ररी राखी बजारसम्म पुऱ्याउनु पर्दछ। भण्टालाई ७-१० डिग्री सेन्टिग्रेड तापक्रम र ९०-९५ प्रतिशतको आर्द्रतामा ७-१० दिनसम्म भण्डारण गर्न सकिन्छ।



## उत्पादन

एक रोपनीमा सरदर २०००-२५०० के.जी. (वर्षा तथा जाडो याममा) तथा १५०० के.जी. (बसन्त तथा गृष्म याममा) प्रति रोपनीका दरले उत्पादन लिन सकिन्छ।



## मुख्य कीराहरु

### डाँठ तथा फलको गवारो

- ल्युसिन ल्युरको पासो राख्ने।
- फल लाग्नु अगाडि वा टिपेपछि थायोडन २ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्ने। यो १० दिनको फरकमा दुई चोटी छर्ने र छर्केको १० दिन पछि मात्र फल टिप्ने।
- कीराको प्रकोप बढी भएमा साइपरमेथ्रिन वा फेनभलेरेट एक मि.लि. प्रति लिटर पानीमा मिसाई छर्ने।



### लाही

- फ्युराडन ७५० ग्राम प्रति रोपनीका दरले बेर्ना सार्ने बेलामा माटोमा राम्ररी मिसाउने।
- रोगर विषादी २ मि.लि. प्रतिलिटर पानीमा मिसाई छर्ने।
- कीरा नियन्त्रणका लागि साइपरमेथ्रिन १.५ मि.लि. प्रति लिटर पानीमा मिसाई १० दिनको फरकमा दुई चोटी छर्ने।



## मुख्य रोगहरु

**फोमोप्सिस ब्लाइट** – ब्लाइटक्स २ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने।

**ओइलाउने रोग** – घुम्ती बाली अपनाउने।



## सन्दर्भ सामाग्री

तरकारी खेती प्रविधि-२०६८, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्यांक महाशाखा, कृषि विकास मन्त्रालय, काठमाडौं।

व्यवसायिक तरकारी उत्पादन प्रविधि-२०७१, नेपाल हर्टिकल्चर सोसाइटी।